**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

जैमिनी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः ३ मितिः २०७९/०८/१६

## भाग-२

# कृषि तथा पशु सेवा कार्यक्रम संचालन कार्यविधि, २०७९

## जैमिनी नगरपालिका

# जैमिनी नगरपालिकाको कृषि तथा पशु सेवा कार्यक्रम संचालन कार्यविधि, २०७९

**कार्यपालिकाबाट स्वीकृत मितिः- २०७९।८।१६**

**प्रस्तावना**

परम्परागत एकल र व्यक्तिगत कृषि तथा पशुपालन व्यवसायलाई आधुनिक र उन्नत प्रविधिको विकास गर्दै जग्गाको चक्लाबन्दी गरी वेरोजगार युवा तथा सक्रिय कृषकहरुको सक्रियतामा कृषक, कृषक समुह /सहकारी, कृषि/पशुपालन फर्म मार्फत कृषि तथा पशुपालन व्यवसाय गरी कृषिजन्य पदार्थ (नगदेबाली, तरकारी, फलफूल) तथा दुध, मासु र अण्डामा आत्मनिर्भर बन्नुका साथै उत्पादनमा बृद्धि गरी आर्थिक विकासमा टेवा पुर्‍याउन जैमिनी नगरपालिका र कृषकहरुको लागत साझेदारीमा जैमिनी नगरपालिकामा उत्पादन हुने कृषिजन्य/पशु उपजलाई विशिष्टिकृत गर्दै सहज र सरल बजारको व्यवस्थापन गरी कृषकबाट उत्पादित बस्तुहरुको सहज बजारीकरण गरी कृषकको मनोबल उच्च राख्दै **"समृद्ध जैमिनीः खुसी र आत्मनिर्भर जैमिनी बासी"** बनाउने उद्देश्यले नगर सभाबाट विनियोजित बजेटको कार्यान्वयनको लागि कृषि तथा पशु सेवा कार्यक्रम संचालन कार्यविधि २०७९ बनाउन आवश्यक भएकोले जैमिनी नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम जैमिनी नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## *परिच्छेद १*
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१ यस कार्यविधिको नाम : "जैमिनी नगरपालिकाको कृषि तथा पशु सेवा कार्यक्रम संचालन कार्यविधि, २०७९" रहेको छ ।

१.२ यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२) परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "नगरसभा" भन्नाले जैमिनी नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले जैमिनी नगरपालिकाको नगरकार्यपालिका सम्झनु पर्दछ ।

ग) "प्रमुख" भन्नाले जैमिनी नगरपालिकाका नगरप्रमुखलाई सम्झनु पर्दछ ।

घ) "उपप्रमुख" भन्नाले जैमिनी नगरपालिकाका नगर उपप्रमुखलाई सम्झनु पर्दछ ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जैमिनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

च) "वडा अध्यक्ष" भन्नाले जैमिनी नगरपालिका अन्तर्गतका वडा अध्यक्षहरु सम्झनु पर्दछ ।

छ) "नगरपालिका" भन्नाले जैमिनी नगरपालिकालाई सम्झनु पर्दछ ।

ज) "प्रस्ताव" भन्नाले नगरपालिकाले तयार पारेको अनुसूची - ३ बमोजिमको व्यवसायिक कार्य योजना सम्झनु पर्दछ ।

झ) "आर्थिक प्रशासन शाखा प्रमुख" भन्नाले जैमिनी नगरपालिकाको आर्थिक प्रशासन हेर्ने प्रमुख सम्झनु पर्दछ ।

ञ) "कृषि शाखा प्रमुख" भन्नाले जैमिनी नगरपालिकाको कृषि शाखा प्रमुखलाई सम्झनु पर्दछ ।

ट) "पशु शाखा प्रमुख" भन्नाले जैमिनी नगरपालिकाको पशु शाखा प्रमुखलाई सम्झनु पर्दछ ।

ठ) "प्राविधिक फाँट प्रमुख" भन्नाले जैमिनी नगरपालिकाको प्राविधिक फाँट प्रमुखलाई सम्झनु पर्दछ ।

ड) "कृषि प्राविधिक" भन्नाले नगरपालिकाको कृषि/पशु शाखामा कार्यरत प्राविधिक कर्मचारी वा सो विषयमा ज्ञान हांसिल गरेका प्राविधिकहरुलाई सम्झनु पर्दछ ।

ढ) "मुल्याङ्कन तथा छनौट समिति" भन्नाले दफा १३ वमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

ण) "कार्यालय" भन्नाले जैमिनी नगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

त) "लाभाग्राही" भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने कृषक, कृषक समुह/सहकारी/ व्यावसायीक कृषि/पशुपंक्षी फर्म सम्झनु पर्दछ ।

## ३) उद्देश्य

३.१ नगरपालिका भित्र कृषि, पशुजन्य पदार्थको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

३.२ दुध, अण्डा र मासु तथा कृषिजन्य पदार्थ (तरकारी, फलफूल, नगदेबाली) मा आत्मनिर्भर बनाउने ।

३.३ बेरोजगार तथा निर्वाहमुखी कृषि तथा पशुपंक्षी पालनमा लागेका कृषकहरुलाई व्यवसायिकता तर्फ आकर्षण गर्दै आर्थिक विकास गर्ने ।

३.४ रोजगारीको सृजना गरी कृषि तथा पशुपालन व्यवसायको व्यवासायिकता मार्फत गरिबी निवारण गर्ने ।

३.५ नगरको कृषि उपज निर्यातको लागि व्यवसायिक कृषकहरुलाई कृषि पेशामा लाग्न प्रेरित गर्ने ।

३.६ कृषकहरुलाई व्यवसायिक कृषि पेशा प्रति विश्वसनियता बढाउने ।

३.७ नगरभित्रका कृषकहरुलाई आवश्यक प्राविधिक तथा परामर्श सेवा उपलब्ध गराउने ।

**४) सरोकारवाला निकायहरुको भूमिका :** कार्यक्रम संचालन गर्न विभिन्न सरोकारवालाहरुको देहाय बमोजिमको भूमिका रहनेछ ।

## ४.१ कार्यालयको भूमिका

४.१.१ स्विकृत कार्यक्रम अनुसार प्रस्ताव आह्वान गरी मापदण्ड/सूचकहरुको आधारमा प्रस्तावहरुको मूल्याङ्कन तथा छनौट गर्ने ।

४.१.२ यस कार्यविधि अनुसारका कार्यक्रमहरुको संचालन गर्दा कृषि/पशु प्राविधिकहरुको समन्वयमा गर्ने ।

४.१.३ कार्यक्रम कार्यान्वयनको अवस्थाको अनुगमन पश्चात् कार्य सम्पन्नताको आधारमा भुक्तानी गर्ने ।

४.१.४ सम्झौता बमोजिम कार्यक्रम संचालन भए/नभएको अनुगमन गर्ने/गराउने ।

४.१.५ प्रचलित कानुन बमोजिम खर्च गर्ने/गराउने, लेखा राख्ने र राख्न लगाउने ।

४.१.६ प्रचलित कानुन बमोजिम पालना गर्नुपर्ने अन्य नियमहरु पालना गर्ने गराउने ।

४.१.७ प्रचलित कानुन बमोजिम लेखा परीक्षण गराउन

४.१.८ कार्यक्रममा दोहोरोपना आउन नदिन र उपलब्ध अनुदानको सदुपयोग भए नभएको सम्बन्धमा कार्यालयले नियमित अनुगमन गर्ने ।

### ४.२ लाभग्राहीको भूमिका

४.२.१ लाभग्राहीले कार्ययोजना अनुसार कार्य सम्पन्न गरी प्रचलित कानुन बमोजिम भुक्तानीको लागि आवश्यक कागजात सहितको निवेदन समय सिमा भित्र पेश गर्ने ।

४.२.२ जुन कार्यक्रमका लागि अनुदान प्राप्त भएको हो सोही कार्यक्रममा मात्र अनुदान प्रयोग गर्ने ।

४.२.३ सम्झौतामा उल्लेख भए बमोजिम कार्य सम्पन्न प्रतिवेदन समावेश गर्ने ।

४.२.४ लाभग्राहीका अन्य अधिकार कर्तव्य तथा दायित्व सम्झौतामा उल्लेख भए बमोजिम हुने ।

४.२.५ तोकिएको समयमा कार्य सम्पन्न नभएमा, लागत बृद्धि भएमा वा कुनै हानी नोक्सानी हुन गएमा त्यसको जिम्मेवारी सम्बन्धित लाभग्राहीको हुनेछ ।

### ४.३ सम्बन्धित वडाको भूमिका

४.३.१ कार्यक्रम प्रभावकारी रुपमा संचालनका लागि आवश्यक सहजिकरण गर्ने ।

४.३.२ आवेदनहरुको सिफारिस गर्ने ।

४.३.३ कार्यक्रमको अनुगमन/निरिक्षण गर्ने/गराउने ।

## परिच्छेद २
## संचालन गरिने कार्यक्रम

**५) कृषि तथा पशु सेवा कार्यक्रमको विवरण :** बार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रहि देहाय बमोजिमका कार्यक्रमहरु सम्बन्धित कार्यालयबाट संचालन हुनेछन् ।

**५(१) कृषि विकास कार्यक्रम :** स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय अनुसारका कृयाकलापहरु देहायको मापदण्ड र अनुदान सिमा भित्र रहेर संचालन गरिनेछ ।

| क.स | कार्यक्रम | मापदण्ड | संचालन गर्न सकिने क्रियाकलापहरु | अनुदान सिमा रकम प्रतिशतमा |
|---|---|---|---|---|
| ५.१.१ | मसला बाली विकास कार्यक्रम | १. जैमिनी नगरपालिका भित्रका दर्ता भएका कृषक, कृषक समूह, कृषि सहकारीले बाँभ्फो जग्गामा अदुवा ,बेसार, लसुन खेती गर्न सक्नेछ ।<br><br>२. कृषि समूह, सहकारीको हकमा न्यूनतम ५ रोपनी र व्यक्तिको हकमा कम्तिमा न्यूनतम २ रोपनी जग्गामा खेती गर्नुपर्ने छ । | छनौट गरिएको मसलाबालीको उत्पादन तथा प्राथमिक प्रशोधन सँग सम्बन्धित क्रियाकलाप गर्नुपर्ने छ । | मसलाबालीको विउ स्थानीय स्तरबाट उपलब्ध गराई निःशुल्क वितरण गरिनेछ । |
| ५.१.२ | असल कृषि अभ्यास अभिमुखिकरण | १. प्रत्येक वडाबाट २ जना कृषक सहभागी हुने गरी २० जना कृषकहरुलाई प्राङ्गारिक खेती सम्बन्धी तालिम दिने ।<br><br>२.कृषक छनौट गर्दा न्युनतम ३ वर्षदेखि लगातार खेती गरिरहेको | १ दिने अभिमुखिकरण कार्यक्रम संचालन | |

| | | | | |
|---|---|---|---|---|
| | | तथा नयाँ व्यवसायिक खेती गर्न चाहने कृषकलाई प्राथमिकता दिने । | | |
| ५.१.३ | माटो परीक्षण | १. ल्याब व्यवस्थापन अन्तर्गत माटो परीक्षण साथै आयोडिन स्कयाच टेष्टको लागि आवश्यक सामाग्री खरिद गर्ने ।<br><br>२. जैमिनी नगरपालिका भित्रका कृषकहरुले कार्यालय समय भित्र माटो परीक्षण तथा सुन्तला ह्रास रोग परीक्षण गराउन सक्ने । | जैमिनी नगरपालिका मार्फत माटो परीक्षणको लागि आवश्यक सामाग्री खरिद गरी कृषि शाखामा माटो परीक्षण प्रयोगशाला संचालन | निशुल्क माटो परीक्षण तथा सुन्तला ह्रास रोग परीक्षण |
| ५.१.४ | मिनिटिलर खरिद | १. कार्यालयले सूचना प्रकाशित गरी कृषकहरु छनौट गर्ने<br><br>२. मेशिन सञ्चालन तथा मर्मत सम्भारको जिम्मेवारी संस्था, समुह वा व्यक्ति स्वयंको हुनुपर्ने।<br><br>३) दुई वर्षसम्म कुनै पनि संस्था, सरकारी निकाय , तथा अन्य कार्यक्रमहरुबाट मेशिनरी उपलब्ध नभएको हुनुपर्ने । | मिनिटिलर खरिद | ५० प्रतिशत अनुदान |
| ५.१.५ | विउविजन खरिद तथा | १.बजेटको सिमा भित्र रहि | साग मार्फा चौडापात, | नि:शुल्क वितरण |

| | | | | |
|---|---|---|---|---|
| | वितरण | कृषकहरुको माग अनुसारको वर्षैभरी लगाउन सकिने विउविजन खरिद गरी वितरण गर्ने,<br><br>२. जिल्ला दररेट अनुसार खरिद गरी वितरण गरिने । | काको भक्तपुर लोकल र चौमासे सिमी आदिको बिउ खरिद | |
| ५.१.६ | फलफूल विकास कार्यक्रम | १. २० जना कृषकहरुलाई ३ दिने फलफूल सम्बन्धी तालिम संचालन गरी बजेटको परिधि भित्र रहि आवश्यकता अनुसारको फलफूल बँगैचा व्यवस्थापन सामाग्री व्यवसायिक कृषकलाई वितरण गर्ने ।<br><br>२.कृषक छनौट गर्दा व्यवसायिक रुपमा फलफूल खेती गरिरहेको कृषकहरु हुनुपर्ने । | तालिम संचालन तथा फलफूल बँगैचा व्यवस्थापन सामाग्री खरिद तथा वितरण | सामाग्रीहरु निःशुल्क वितरण |
| ५.१.७ | तरकारी खेती तथा तरकारी विउ उत्पादन | १. कार्यालयले सूचना प्रकाशित गरी कृषकहरु तथा कृषक समूह छनौट गर्ने , (जैमिनी नगरपालिका भित्रका दर्ता भएका कृषक, कृषक समूह, कृषि सहकारी)<br><br>२. कृषक समूह, कृषि सहकारीको हकमा कम्तिमा ३ रोपनी र व्यक्तिगत फर्मको हकमा कम्तिमा १ रोपनी जग्गामा तरकारी विउ | १. रायो , मूला आदिको विउ उत्पादन<br>२. विउ उत्पादनको लागि संरचना निर्माण<br>३. कार्यक्रम नगर सम्झौता बमोजिम संचालन गर्नुपर्ने । | मूल विउ तथा उन्नत विउ ५० प्रतिशत अनुदानमा |

| | | | | |
|---|---|---|---|---|
| | | रायो, मुला आदि उत्पादन गर्नुपर्ने । | | |
| ५.१.८ | मौरीपालन प्रवर्द्धन कार्यक्रम | १.मौरीपालन सम्बन्धी ३ दिने तालिम २० जना मौरीपालक कृषकलाई दिने ।<br>२. मौरीपालन गरिरहेका तर मौरीपालन सम्बन्धी तालिम नलिएको कृषकलाई प्राथमिकता दिइने । | मौरीपालन सम्बन्धी तालिम संचालन | |
| ५.१.९ | आलुबाली विकास कार्यक्रम | १) कार्यालयले सूचना प्रकाशन गरी छनौट भएका दर्तावाला कृषक, कृषक समूह र कृषि सहकारीले आलु बाली खेती गर्नुपर्ने ।<br>२) कृषक समूह र सहकारीको हकमा कम्तीमा २० रोपनी (एउटै क्लष्टर) र व्यक्तिको हकमा कम्तिमा ५ रोपनी क्षेत्रफल (एउटै क्लष्टर) मा खेती गर्नुपर्ने ।<br><br>३) कार्यक्रम संचालन सम्झौता बमोजिम हुने । | छनौट भएका कृषक, कृषक समूह र कृषि सहकारीले माग गरेका बाली तथा बस्तुको उत्पादन सामाग्रीहरु, उपकरणहरु , पूर्वाधार सुधार वा निर्माण गर्ने क्रियाकलापहरु | विउ तथा मेशिनरीमा ५० प्रतिशत र सिँचाइको हकमा ८५ प्रतिशतमा नबढ्ने गरी अनुदान । |
| ५.१.१० | महिलाहरुका लागि करेशाबारी तालिम | १) २५-३० जना महिला सहभागी हुने गरी करेशाबारी व्यवस्थापन सम्बन्धी २ दिने तालिम दिने ।<br><br>२) तरकारी खेती | तालिम संचालन | |

| | | | | |
|---|---|---|---|---|
| | | गरिरहेका, वेरोजगार तथा विपन्न समुदायका महिलाहरुलाई विशेष प्राथमिकता दिइने । | | |
| ५.१.११ | बाँदर नियन्त्रणका लागि अनुसन्धान कार्यक्रम | १) बाँदर नियन्त्रणका लागि विशेषज्ञ आमन्त्रण गरी बाँदर नियन्त्रणका उपायहरु पहिचान र कार्यान्वयन गर्ने । | | |
| ५.१.१२ | कृषक राहत कोष स्थापना | १) प्राकृतिक तथा अन्य प्रकोप (बाढि, डुवान, खडेरी, चट्याङ, आगलागी, भुकम्प, पहिरो, भूस्खलन, असिना, हिँउ, तुसारो ,किरा तथा रोग, बन्यजन्तु) बाट हुने हानी नोक्सानी तथा अन्य आकस्मिक बाह्य कारणहरुबाट पशु तथा कृषिजन्य बस्तु उत्पादनमा आकस्मिक क्षति भएमा क्षतिको मूल्याङ्कनका आधारमा रु ५,०००।- देखि बढिमा रु २०,०००।- सम्म राहत दिन सकिने छ । | क्षतिको आधारमा मूल्याङ्कन गरी राहत दिने । अनुसुचि ५(क) र ५(ख) बमोजिम मुल्यांङ्कनका आधारमा कार्यान्वयन गरिने छ । रातकोषको कार्यक्रम आ.व.२०७९/०८० को हकमा २०७९ श्रावण १ गते देखि लागु भएको मानिने छ । | |
| ५.१.१३ | जडिबुटि विकास कार्यकम | जडिबुटी सँग सम्बन्धित विज्ञहरुलाई आमन्त्रण गरी यस नगरपालिकामा रहेका जडिबुटीको पहिचान गरि प्रोफाइल तयार पार्न सकिने छ । | | |

**५.२ पशु सेवा कार्यक्रमहरुको विवरण :** स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय अनुसार संचालन गरिने पशु सेवा क्रियाकलापहरु देहायको मापदण्ड र अनुदान सिमा भित्र रहेर संचालन गरिनेछ ।

## ५.२.१ कृषकसँग नगरपालिका कार्यक्रम (पशुपंक्षी पालक कृषकलाई अनुदान कार्यक्रम)

(१) यो कार्यक्रम पशुपंछी पालक कृषक/कृषक समूह/कृषक सहकारी बिचमा संचालन गरिनेछ। यस कार्यक्रमको कुल बजेट रु. २०,००,००० (अक्षरुपी बिस लाख रुपैंया) रहने छ।

(२) यो कार्यक्रम देहायका कियाकलापहरुमा देहाय बमोजिम संचालन गरिनेछ।

**(अ) वर्णशंकर/उन्नत जातका गाई/भैंसी पालन कार्यक्रम**

(क) यस कार्यक्रमको कुल बजेट रु. ५,००,००० (अक्षरुपी पाँच लाख रुपैंया) रहनेछ।

(ख) यो कार्यक्रममा कम्तिमा ५ वटा उन्नत/वर्णशंकर गाई/भैंसी पालन गरी व्यवसायिक रुपमा पशुपालन व्यवसाय गरेका कृषक/कृषक समूह/ कृषक सहकारी सहभागी हुन सक्नेछन्।

(ग) यो कार्यक्रम ५० प्रतिशत लागत सहभागितामा संचालन गरिनेछ।

(घ) यो कार्यक्रममा सहभागी हुने लाभग्राहीले कम्तिमा २ वटा वर्णशंकर/उन्न्त जातको दुधालु गाई/भैंसी थप खरिद गर्नु पर्नेछ।

(ङ) यसरी थप खरिद गरि पशुपालन गर्ने ५ जना लाभग्राही कृषकहरुलाई खरिदको ५० प्रतिशत वा बढीमा रु. एक लाख सम्म अनुदान उपलब्ध गराइनेछ।

**(आ) स्थानीय जातको भैंसीपालन कार्यक्रम**

(क) यस कार्यक्रमको कुल बजेट रु. ५,००,००० (अक्षरुपी पाँच लाख रुपैंया) रहनेछ।

(ख) यो कार्यक्रममा कम्तिमा ३ वटा स्थानीय जातको भैंसी पालन गरी व्यवसायिक रुपमा पशुपालन गरेका कृषक/कृषक समूह/ कृषक सहकारी सहभागी हुन सक्नेछन्।

(ग) यो कार्यक्रम ५० प्रतिशत लागत सहभागितामा संचालन गरिनेछ।

(घ) यो कार्यक्रममा सहभागी हुने लाभग्राहीले कम्तिमा १ वटा स्थानीय जातका दुधालु भैंसी थप खरिद गर्नुपर्नेछ।

(ङ) यसरी थप खरिद गरि पशुपालन गर्ने १० जना लाभग्राही कृषकहरुलाई भैंसी खरिद रकमको ५० प्रतिशत वा बढीमा रु. ५० हजार सम्म अनुदान उपलब्ध गराइनेछ।

**(इ) बाखा खोर निर्माण अनुदान कार्यक्रम**

(क) यस कार्यक्रमको बजेट रु. २,५०,००० (अक्षरुपी दुईलाख पचास हजार) रहनेछ।

(ख) यो कार्यक्रममा १० वटा भन्दा बढी व्यवसायिक रुपमा बाखापालन गरिरहेका व्यवसायिक कृषकहरुलाई खोर निर्माणका लागि प्रति कृषक बढीमा रु.२५,०००। (अक्षरुपी पचिस हजार रुपैंया) का दरले रकम उपलब्ध गराईनेछ।

(ग) यो कार्यक्रमबाट १० जना व्यवसायिक कृषकहरु लाभान्वित हुनेछन्।

(घ) खोर निर्माण लागत सहभागितामा नगरपालिकाका प्राविधिकबाट तयार गरिएको लागत अनुमान अनुसार निजहरुकै प्राविधिक रेखदेखमा गरिनेछ।

(ङ) यो कार्यक्रम ५० प्रतिशत लागत सहभागितामा संचालन गरिनेछ।

**(ई) बंगुरको खोर निर्माण अनुदान कार्यक्रम**

(क) यो कार्यक्रमको कुल बजेट रु. ४,५०,००० (अक्षरुपी चार लाख पचास हजार रुपैंया) रहने छ ।

(ख) यो कार्यक्रममा ५ वटा भन्दा बढी माउ बंगुर पालन गरेका व्यवसायिक कृषकहरु सहभागी हुनेछन् ।

(ग) यो कार्यक्रमबाट ९ जना व्यवसायिक कृषक वा कृषि फर्महरुले खोर निर्माणका लागि प्रति कृषकलाई बढीमा रु. ५०,०००। (अक्षरुपी पचास हजार रुपैंया) का दरले रकम उपलब्ध गराईनेछ ।

(घ) खोर निर्माण लागत सहभागितामा नगरपालिकाका प्राविधिकबाट तयार गरिएको लागत अनुमान अनुसार निजहरुकै रेखदेखमा गरिनेछ ।

(ङ) यो कार्यक्रम ५० % लागत सहभागितामा संचालन गरिनेछ ।

**(उ) विपन्न परिवारका लागि बाख्रापालन कार्यक्रम**

(क) यस कार्यक्रमको बजेट रु. ३,००,००० (अक्षरुपी तिन लाख रुपैंया) रहनेछ ।

(ख) यो कार्यक्रममा आर्थिक/सामाजिक रुपले विपन्न समुदायका व्यक्तिहरुलाई प्रति परिवार २ वटा (६ देखि ९ महिना सम्मका प्रजनन् योग्य) बाख्राका पाठी उपलब्ध गराइने छ । प्रति बाख्राको मुल्य बढीमा रु.७५००।- (अक्षरुपी सात हजार पाँच सय रुपैंया) हुनेछ ।

(ग) उपरोक्त कार्यकममा समावेश हुन चाहने विपन्न कृषकले सम्बन्धित वडा कार्यालयको सिफारिस सहित निबेदन दिनुपर्ने छ । यसरी वडा कार्यालय मार्फत पेश हुन आएका निवेदन माथि छलफल गरी छनौट समितिले छनौट गर्न सक्नेछ ।

(घ) यो कार्यक्रमबाट विपन्न समुदाय परिवारका २० जना कृषकहरुले लाभ लिन सक्नेछन ।

(३) उपरोक्त अनुसारको कार्यक्रममा कृषक/कृषक समूह/कृषि फर्म/सहकारीको छनौट वडा कार्यालयको सिफारिसमा कृषकहरुले संचालन गरेको व्यवसाय तयार गरेको योजनाको आधारमा छनौट समितिबाट छनौट गरिनेछ ।

(४) कार्यक्रममा सहभागी हुन चाहने कृषक/कृषक समूह/ कृषि फर्म/सहकारीले नगरपालिकाले सूचना प्रकाशन गरेपछि सूचनाको म्याद भित्र अनुसूची २ बमोजिमको निवेदन सम्बन्धित वडा कार्यालयमा दिनुपर्नेछ ।

(५) निवेदनको साथमा पेश गर्नुपर्ने कागजातहरु सूचनामा खुलाइनेछ ।

(६) सूचनाको म्याद भित्र प्राप्त हुन आएका निवेदनहरु वडा कार्यालयले सिफारिस सहित नगरपालिकामा पठाउनेछ ।

(७) यसरी प्राप्त भएका निवेदनहरु मुल्यांकन तथा छनौट समितिले आवश्यक छानविन/स्थलगत निरीक्षण समेत गरी उपयुक्त ठहरिएकोलाई छनौट गरी स्वीकृतिको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नेछ ।

(८) प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भएपछि कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(९) यस कार्यक्रममा सहभागी हुन चाहने कृषक/कृषक समूह/ कृषि फर्म/सहकारीहरुले आफ्नो पशु बस्तुहरुको अनिवार्य रुपमा विमा गर्नु पर्नेछ ।

(१०) यस सम्बन्धि अन्य विषय र शर्तहरु सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

**५.२.२ अन्य कार्यक्रम तपसिलको मापदण्ड र सीमा भित्र रहि संचालन गर्न सकिने छ ।**

| क स | कार्यक्रम | मापदण्ड | संचालन गर्न सकिने क्रियाकलापहरु | अनुदान सिमा रकम प्रतिशतमा |
|---|---|---|---|---|
| ५.२.२.१ | भेटेरिनरी ल्याव तथा सामाग्री व्यवस्थापन | १.ल्यावकोलागि आवश्यक समाग्री खरिद तथा अन्य व्यवस्थापन | गोवर परीक्षण, थुनेलो परीक्षण तथा अन्य परीक्षण । | निशुल्क परिक्षण |
| ५.२.२.२ | भेटेरिनरी औषधि खरिद | १.आवश्यक औषधि खरिद | औषधि वितरण तथा उपचार सेवा । | निशुल्क वितरण |
| ५.२.२.३ | दुध संकलन केन्द्र व्यवस्थापन | १. दुध संकलन तथा व्यवस्थापन अन्तर्गत दुध उत्पादक दर्तावाला समूह/सहकारीले कार्यक्रम संचालन गर्न सक्ने ।<br><br>२. कम्तीमा दैनिक २०० लि. दुध निर्यात गर्न सक्ने वा अन्य समूह/ सहकारीको समेत दुध संकलन गरी चिस्यान केन्द्रको रुपमा स्थापना गरेको हुनुपर्ने । | चिलिङ भ्याट , जेनेरेटर, डि फ्रिज लगाएत अन्य दुधको गुणस्तर मापनका सामाग्रीहरु खरिद । | ५० प्रतिशत अनुदान |
| ५.२.२.४ | पशु आहार तथा पोषण कार्यक्रम | १. हिँउदे, एक बर्षे, बहुबर्षे घाँसको बिउ तथा बिरुवा खरिद र वितरण गर्ने । | हिँउदे, एक वर्षे, बहुबर्षे घाँसको विउ खरिद तथा वितरण , पशु पोषण सम्बन्धी अन्य क्रियाकलाप | निःशुल्क |
| ५.२.२.५ | स्थानीय कुखुरा पालन फर्म | १. व्यवसाय दर्ता गरी | कार्यक्रम अन्तर्गत | ५० प्रतिशत |

| | | | | |
|---|---|---|---|---|
| | प्रोत्साहन | प्यानमा आवद्ध भएको हुनुपर्ने ।<br><br>२. कम्तीमा २५ वटा माउ स्थानीय कुखुरा पालन गरेको हुनुपर्ने ।<br>३. कम्तीमा २ रोपनी (खुला क्षेत्र सहित) जग्गा उपलब्ध भएको वा हुने गरी जग्गा लिजमा वा भाडामा कम्तीमा ५ वर्ष लिएको सम्झौता हुनुपर्ने | खोर निर्माण तथा सुधार । | लागत सहभागीता |

## परिच्छेद ३
## कार्यक्रम संचालन प्रकृया

**६. प्रस्ताव माग :**

कार्यालयले कम्तिमा १५ दिनको म्याद राखि अनुसुचि १ बमोजिम आवेदनको लागि सुचना प्रकाशन गर्ने छ। उक्त सुचना कार्यालय तथा सवै वडा कार्यालयको सुचना पाटीमा टाँस गर्नु पर्नेछ।

**७. प्रस्ताव पेश :**

(१) दफा ६ बमोजिमको सूचना अनुसार परिच्छेद २ मा उल्लेखित कार्यक्रमहरुमा मापदण्ड पुगेका ईच्छुक प्रस्तावकले कार्यालयमा प्रस्ताव पेश गर्दा अनुसुचि २ वमोजिमको ढाँचामा प्रस्ताव आह्वान गरेको अन्तिम मिती भित्र अनुसुचि ३ बमोजिम प्रस्तावना सहित पेश गर्नु पर्नेछ।

(२) लागत सहभागीतामा अनुदान कार्यक्रम संचालनको हकमा अनुसूची ८ बमोजिमको ढाँचामा प्रतिवद्धता सहित आवेदन पेश गर्नुपर्नेछ।

**८ प्रस्ताव मूल्याङ्कन र सिफारिस**

(१) दफा ७ बमोजिम पेश भएका प्रस्तावहरु सम्बन्धित शाखाले कम्पाइल गरी मूल्याङ्कन तथा छनौट समितिमा पेश गर्नेछ।

(२) यसरी पेश भएका प्रस्तावहरु तथा निवेदनहरुको तथ्यगत प्रमाणीकरणका लागि कार्यालयले आवश्यकता अनुसार स्थलगत अनुगमन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको स्थलगत प्रमाणिकरण सहित अनुसूची ६ बमोजिमको प्रस्ताव मूल्याङ्कनको आधारमा प्राथमिकता क्रम तयार गरी दफा ५ बमोजिमको कार्यक्रम स्विकृतिको लागि सिफारिस गर्नुपर्ने छ। त्यसरी स्विकृत गर्दा सम्भव भए सम्म बैकल्पिक सेवाग्राही सहित स्वीकृत गर्नुपर्ने छ।

(४) उपदफा (३) बमोजिमको छनौट भएका वा बैकल्पिक सूचीमा परेका प्रस्ताव तथा निवेदनहरु प्राथमिकताका आधारमा राख्नुपर्ने छ।

(५) यसरी छनौट भएका प्रस्तावहरु मूल्याङ्कन तथा छनौट समितिले स्वीकृतिका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नेछ र प्रमुख प्रशासकीय अधिकृत बाट स्विकृत भए पश्चात कार्यक्रम संचालनमा ल्याइने छ।

**९. सम्झौता प्रकृया :**

(१) छनौट भएका निवेदन तथा प्रस्तावहरुलाई कम्तिमा ७ दिनको म्याद दिई सम्झौताका लागि सूचना दिनुपर्ने छ।

(२) उपदफा (१) बमोजिम प्रस्तावकले पेश गरेको क्रियाकलाप र कार्ययोजना संचालनकोलागि कार्यालयले छलफलका आधारमा आवश्यक संसोधन सहित अनुसूची ४ बमोजिम ढाँचामा सम्झौता गनुपर्ने छ ।

(३) दफा ८ बमोजिम छनौट भएका निवेदन तथा प्रस्तावहरु तोकिएको म्याद भित्र सम्झौता गर्न नआएमा वैकल्पिक लाभग्राहीलाई सम्झौताको लागि सूचित गरिनेछ । वैकल्पिक सूचीको लाभग्राही पनि सम्झौतागर्न नआएमा वा कार्यक्रम संचालन गर्न सम्भव नभएमा पुनः सूचना प्रकाशन गरी कार्यक्रम संचालन गर्न सकिनेछ ।

## ***परिच्छेद ४***
## **भुक्तानी प्रकृया**

**१०) भुक्तानी प्रकृया**

(१) कार्यालयले कार्यक्रम संचालन गर्दा खरिद सम्बन्धी प्रकृया प्रचलित कानुन बमोजिम गर्नुपर्ने छ ।

(२) लाभग्राहीले सम्झौतामा भएको कार्ययोजना अनुसार सञ्चालित भएका क्रियाकलापहरुको सक्कल विल भरपाई संलग्न राखि भुक्तानी माग गर्नुपर्ने छ ।

(३) भुक्तानी माग भएपछि कार्यालयले तोकेको प्राविधिकबाट कार्य सम्पन्नताको अनुगमन गरी प्रतिवेदन प्राप्त भएपछि लाभग्राहीको बैंक खाता मार्फत एकमुष्ट भुक्तानी गरिनेछ ।

(४) मेशिनरी, यन्त्रउपकरण खरिद बाहेक पूर्वाधार निर्माण जस्ता पूजिँगत अनुदान खर्चमा नियमानुसार कन्टेन्जेन्सी कट्टि गरी भुक्तानी गरिनेछ ।

(५) पशुपंक्षीपालक कृषकका लागि अनुदान कार्यक्रममा पशु खरिद गरी विल भरपाई पेश गरे पश्चात् एकमुष्ट भुक्तानी गरिनेछ । बंगुर र बाखाको खोर निर्माणको हकमा इस्टिमेट र मूल्याङ्कनका आधारमा काम सम्पन्न भए पश्चात् एकमुष्ट भुक्तानी गरिनेछ ।

(६) कार्यक्रमको भुक्तानी प्रकृया नियमानुसार सम्झौता बमोजिम हुनेछ ।

## ***परिच्छेद ५***
## **विविध**

**११.अनुगमन तथा मूल्याङ्कन**

(१) संचालित कार्यक्रमहरु पारदर्शी र प्रभावकारी रुपमा भए नभएको सम्बन्धमा सम्बन्धित कार्यालय वा नगरपालिकाको अनुगमन समितिले अनुगमन गर्नु पर्नेछ ।

(२) लाभग्राहीले अनुदानबाट संचालित परियोजनाको प्रगति बार्षिक रुपमा कार्यालयमा बुझाउनु पर्नेछ ।

(३) यस कार्यविधि बमोजिम कार्यान्वयन हुने कार्यक्रमको कार्यान्वयन पश्चात् कार्यालयले कार्यक्रमका पूर्व निर्धारित उद्धेश्य र प्राप्त उपलब्धीहरुको प्रभावकारी मूल्याङ्कन गर्ने छ ।

(४) दफा १३ बमोजिमको मूल्याङ्कन तथा छनौट समिति तथा नगरपालिकाको अनुगमनका आधारमा कार्यक्रम मूल्याङ्कन गरिनेछ ।

**१२. अन्य**

(१) अन्य सेवा सुविधाहरु नगरपालिकाको प्रावधान अनुरुप रहने छ ।

**१३. मूल्याङ्कन तथा छनौट समिति**

(१) प्रस्ताव आह्वान गर्दा तोकिएको मापदण्ड पूरा गरे नगरेको सम्बन्धमा मूल्याङ्कन गरी छनौट सिफारिस गर्नका लागि देहाय बमोजिमको मूल्याङ्कन तथा छनौट समिति रहने छ । उक्त समितिले आवश्यकता अनुसार सम्बन्धित शाखाका अन्य प्राविधिकहरुलाई परिचालन गरी मूल्याङ्कन गर्न सक्नेछ ।

**मूल्याङ्कन तथा छनौट समिति देहाय बमोजिम गठन गरिनेछ ।**

| | |
|---|---|
| आर्थिक प्रशासन शाखा प्रमुख | संयोजक |
| कृषि शाखा प्रमुख वा प्रतिनिधी | सदस्य |
| पशु शाखा प्रमुख वा प्रतिनिधी | सदस्य |
| प्राविधिक फाँट प्रमुख वा प्रतिनिधी | सदस्य |

(२) मूल्याङकन तथा छनौट समितिले मापदण्ड पूरा भएका आवेदन/प्रस्ताव हरुको छनौटको सूची तयार गरी मापदण्ड अनुसार छनौट गरि स्विकृतिको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने छ ।

(३) प्रमुख प्रशासकीय अधिकृतवाट प्रस्तावहरु स्वीकृत भएपछि कार्यक्रम कार्यान्वयन गरिनेछ ।

## अनुसूचीहरु

### अनुसूची १
***(दफा ६ सँग सम्बन्धित)***

*कृषि तथा पशुपंक्षी विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सुचनाको ढाँचा*

# जैमिनी नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
कुश्मिसेरा, बागलुङ

यस नगरपालिकाको आ. व. २०...../..../....को वार्षिक स्विकृत कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरु अनुदानमा सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक कृषक/कृषकसमुह/व्यावसायिक फर्म/समिति/कृषक सहकारी संस्थाको तर्फबाट दरखास्त आह्वानका लागि यो सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले तपशिलका कागजात सहित बढिमा १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन दिनुपर्नेछ ।

आवस्यक कागजातहरु

१ अनुसुचि २ बमोजिमको आवेदन फारम ।

२ अनुसुचि ३ बमोजिमको प्रस्ताव फारम ।

३ नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।

४ स्थानिय तह वा सम्बन्धित निकायमा दर्ता भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि (नविकरण सहित) ।

५ भ्याट/प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्र (विपन्न परिवारका लागि बाखापालन कार्यक्रममा सहभागि हुने किसानको लागि भ्याट/प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि,कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि आवश्यक नपर्ने ) ।

६ अन्य प्रमाणित प्रमाणपत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडामा भए सम्झौतापत्र, जग्गाधनिको नागरिकता र जग्गाधनी लालपूर्जाको प्रतिलिपि ।

७. अनुसूची ८ बमोजिमको प्रतिवद्धता पत्र ।

## अनुसूची-२

*(दफा ७ सँग सम्बन्धित )*

## ..................................कार्यक्रम को लागि आवेदकले पेश गर्ने निवेदन

रु १० को
टिकट

मिति :.........................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
जैमिनी नगरपालिका
कुश्मिसेरा, बाग्लुङ ।

**विषय :.................................................................।**

प्रस्तुत विषयमा जैमिनी नगरपालिकाको कृषि/पशु शाखाबाट ..............................मितिमा सूचना प्रकाशित भए अनुसार ..........................................................................कार्यक्रम संचालनका लागि सूचनामा उल्लेखित कागजातहरु संलग्न गरी यसै निवेदन साथ पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

**सम्लग्न कागजातहरु**

१. तोकीएको ढाँचामा रु. १० को टिकट टाँस गरिएको निवेदन ।
२. नेपाली नागरिकताको प्रमाणपत्र ।
३. कृषि फर्म दार्ता प्रमाणपत्र र पछिल्लो आ.व को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिहरु ।
४. कृषक समूह र कृषि सहकारीको हकमा दर्ता प्रमाणपत्र, बार्षिक अडिट रिर्पोट र संस्था संचालक समितिको बैठकको निर्णय प्रतिलिपि ।
५. संचालन गरिने कार्यक्रमको प्रस्तावना ।
६. खेती गरिने जग्गाको लालपुर्जाको प्रतिलिपि साथै करार वा लिजमा लिएको जग्गाको हकमा कम्तिमा ५ बर्षको करार नामाको प्रतिलिपी , जग्गाधनीको लालपुर्जा र जग्गाधनीको नागरिकताको फोटोकपि
७ सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

निवेदकको
हस्ताक्षर.................
नाम ..................
ठेगाना.................
मोबाईल नं.............
छाप.................

# अनुसूची ३

*(दफा ७ सँग सम्बन्धित)*

**कृषक वा कृषक समुह/सहकारी/फर्मले पेश गर्ने प्रस्तावको ढाँचा**

**१) कृषक वा कृषक समुह/सहकारी/फर्म र सम्पर्क व्यक्ति सम्बन्धी विवरण :**

| | |
|---|---|
| **कृषक वा समुह/सहकारी/फर्मको नाम :** | |
| ठेगाना (पत्राचारको लागि) : | |
| संस्था दर्ता भएको मिति | |
| स्थायी लेखानम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रोपाईटरको वा अध्यक्षको नाम : | |
| सर्म्पक न. | |
| कार्यक्रमको स्थल (कार्य क्षेत्र)<br>जग्गाको क्षेत्रफल र सिंचाइ सुविधा भए/नभएको | |
| कार्यक्रमको नाम | |
| प्रस्तावित आयोजना /कार्यक्रमको कुल खर्च (यसमा कार्यालय र लाभग्राहीको तर्फबाट व्यहोर्ने खर्च समेत समावेश गर्ने) | |
| नगरपालिकाबाट उपलब्ध गराउने कुल रकम रुः | |

| | |
|---|---|
| अन्यश्रोत वा वित्तीय सहकार्यमा कुनै काम भइरहेको भए, कुन संस्थाबाट के के उद्देश्यका लागि वित्तीय सहयोग पाउनु भएको छ, खुलाउनुहोस । | |
| प्रस्तावना पेश गर्ने कृषक/कृषि फर्म/कृषक समुह र कृषि सहकारीको नाम | |
| कृषक परिवार संख्या(काम गर्न सक्ने) | |
| समूहको हकमा सदस्य संख्या (घरधुरी) | |
| वैदेशिक रोजगारमा गए/नगएको । | |

**२. प्रस्तावनाको औचित्य तथा महत्व :**

........................................................................................................................
........................................................................................................................
........................................................................................................................
........................................................................................................................
........................................................................................................................
........................................................................................................................
........................................................................................................................
........................................................................................................................
........................................................................................................................
........................................................................................................................
........................................................................................................................
..........................................................................................

**३. आवेदकको हालको व्यवसायको अवस्था**

| क.स. | हालको व्यवसाय | व्यवसायको आकार | वार्षिक व्यवसायको लागत (खर्च) अनुमानित | वार्षिक उत्पादन (अनुमानित) | वार्षिक कुल आम्दानी अनुमानित रु | बचत (+) वा न्यून (-) | रोजगारी सिर्जना | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| जम्मा | | | | | | | | |

**४.अपेक्षित उपलब्धिहरु र बार्षिक उत्पादन विवरण**

प्रस्तावित व्यवसायका अपेक्षित उपलब्धिहरु तपशिल बमोजिमका हुने छन् :

- **व्यवसायको आकार..................**
- **बार्षिक उत्पादन.................**
- **बार्षिक जम्मा आम्दानी.........................**
- **रोजगारी सिर्जना..........................**

**५) प्रस्तावकले साझेदारीमा संचालन गर्ने कार्यक्रमको अवधिः-..............................**

**६). लागत साझेदारी**

तालिका : लागत साझेदारीमा सञ्चालन हुने कार्यक्रमहरु र माग गरिएको अनुदान रकमको विवरण

| क.स. | विवरण | स्पेशिफिकेशन | परिमाण | दर | रकम रु | अनुदान(%) | लाभग्राहीको (%) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

नोटः फर्म भर्न दुबिधा भएमा कृषि प्राबिधिकसँग सम्पर्क राख्नु हुन जानकारी गराइन्छ ।

## अनुसूची ४

### *(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)*

### सम्झौता

जैमिनी नगरपालिका नगरकार्यपालिकाको कार्यालय कुश्मीसेरा बाग्लुङ (यस पछाडि प्रथम पक्ष भनिने) र जैमिनी नगरपालिका वडा नं .......... मा अवस्थित/सञ्चालित ................................................................... कृषक/फर्म/संस्था /समुह /समिति /सहकारी (यस पछि दोश्रो पक्ष भनिने) बीच .......................................................................................कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा गरिएको सम्झौता पत्र ।

सम्झौताका सर्तहरु :

१. यो कार्यक्रम मिति .......................देखि..................... सम्ममा सम्पन्न गरि सक्नु पर्ने छ ।
२. कार्यक्रम सञ्चालन गर्ने क्रममा कार्यालयबाट सञ्चालन गर्नुपर्ने खालका प्राबिधिक तथा पुर्ण अनुदानका कार्यक्रमहरु कार्यालयले सञ्चालन गर्ने छ ।
३. कार्यक्रमको लागि विनियोजित भएको रकम रु ......................... अक्षरुपी..................................................बाहेकको बाँकी रकम दोश्रो पक्षले नगद वा लागत सहभागिता जुटाउनु पर्नेछ । विनीयोजिन भएको रकममा नियमानुसार कर कट्टी गरि भुक्तानी हुने छ ।
४. दोश्रो पक्षले कार्यान्वयन गर्ने गरि पेश गरेको स्वीकृत कार्यक्रम प्रस्ताव अनुसार समयमै सम्पन्न गरी सो सँग सम्बन्धित खर्चका प्रमाणित विल भरपाई समूह/सहकारी /समितिको हकमा भेला संचालक समितिबाट खर्च अनुमोदन गरि कार्यक्रमसँग सम्बन्धीत फोटो, उपस्थिति,वडा कार्यालयको सिफारिस, प्रगति प्रतिवेदन, लगायत खर्च प्रमाणित गर्ने सहायक कागजातहरु पेश गरि कार्यक्रम फर्छ्यौट गरिने छ ।
५. कार्यक्रम फरफारक गरि अन्तिम भुक्तानी लिन चाहिने कागजातहरु पेश गर्नु दोश्रो पक्षको कर्तव्य हुने छ । समयमा तोकिएका कगजातहरु सहित भुक्तानी माग नभएमा पहिलो पक्ष सम्झौता अनुसारको रकम भुक्तानी गर्न वाध्य हुने छैन ।
६. कार्यक्रमलाई वडास्तर र नगरपालिकाको तर्फबाट अनिवार्य अनुगमन गरिने छ । अनुगमनको क्रममा सम्झौता अनुरुपको कार्य नभएको पाईएमा प्रथम पक्षले विनियोजन भएको रकम भुक्तानि गर्न सक्ने छैन ।
७. कार्यक्रम सञ्चालनको सन्दर्भमा अवरोध सृजना भएमा दुवै पक्षको सहमतिबाट समाधान खोजि विवादको निरुपण गरिनेछ ।
८. अन्य कुराहरुको हकमा प्रचलित ऐन /नियमानुसार हुने छ ।

| | |
|---|---|
| .............................. | .............................. |
| कृषक/समुह/समिति/ सहकारीको तर्फबाट | कार्यालयको तर्फवाट |
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम थर : | नाम थर : |
| पद : | पद : |
| मितिः | मितिः |
| संस्था वा फर्मको छाप | कार्यालयको छाप |
| साक्षी ....................... | साक्षी ........................ |
| नाम थर | नामथर |
| हस्ताक्षर | हस्ताक्षर |

पद पद

***ईति सम्बत................... साल.............महिना..................गते..................रोज शुभम।***

***(दफा ५(१) को ५.१.१२ सँग सम्बन्धित)***

## क्षति विवरण अनुगमन प्रतिवेदन फारम कृषि तर्फ

कृषकको नामथर :
ठेगाना :
सम्पर्क नं :
जम्मा जग्गाको क्षेत्रफल (रोपनी) :
खेती गरिएको बालीको नाम :
परिवार संख्या :
कृषि बाहेक अन्य केही व्यवसाय पेशा :
अनुगमन मिति :

**क्षतिको विवरण**

१. क्षति भएको बालीको नाम :

२. क्षति भएको क्षेत्रफल (रोपनी, बोट संख्या):

३. क्षतिको प्रकार (पूर्ण ,आंशिक):

४. बालीबाट हुने अनुमानित उत्पादन (के.जी) :

५. क्षतिको अनुमानित लागत रु. :

६. क्षतिको संक्षिप्त विवरण :

**अनुगमन कर्ता :**

| नाम | पद | दस्तखत |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |

कृषकको तर्फबाट साक्षि

१.

२.

माथि उल्लेखित विवरण साँचो हो सो विवरण बमोजिम राहत कार्यक्रममा समावेश भई झुठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

**अनुसूची ५ (ख)**

***(दफा ५(१) को ५.१.१२ सँग सम्बन्धित)***

## क्षति विवरण अनुगमन प्रतिवेदन फारम पशु तर्फ

कृषकको नामथर :
ठेगाना :
सम्पर्क नं :
पशुको किसिम :
क्षति भएका पशु संख्या :

| क.स | स्थानीय | उमेर | सरदर मूल्य | उन्नत | उमेर | सरदर मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

जम्मा क्षतिको मूल्याङ्कन :
पशुपालन बाहेक अन्य केही व्यवसाय पेशा :
अनुगमन मिति :
अनुगमन कर्ता :

नाम पद दस्तखत

१.

२.

३.

कृषकको तर्फबाट ( साक्षि )

१.

२.

माथि उल्लेखित विवरण साँचो हो सो विवरण बमोजिम राहत कार्यक्रममा समावेश भई झुठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

# अनुसुचि ६

*(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)*

**कार्यक्रम संचालनका लागि लाभग्राही छनौट गर्दा अपनाइने मूल्याङ्कनका आधारहरु**

| क.सं. | मुल्याङ्कनका आधारहरु | प्राप्त विवरण | पुर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|
| क | भौगोलिक बनावट, विद्युत, सडक बजार | | १० | | |
| ख | सिंचाइ सहितको जग्गाको उपलब्धता | | १० | | |
| ग | जनशक्तिको उपलब्धता | | १० | | |
| घ | लगानी गर्न सक्ने क्षमता | | १० | | |
| ङ | तालिम प्राप्त प्राविधिक जनशक्ति | | १० | | |
| च | बजारको सुनिश्चितता | | १० | | |
| छ | वातावरणीय प्रभावकारिता | | १० | | |
| ज | घाँस/दानाको उपलब्धता | | १० | | |
| झ | पशु संख्या | | २० | | |
| | **जम्मा** | | १०० | | |

# अनूसूची ७

## अनुदान प्राप्त गर्नका लागि आवश्यक कागजातहरु

**क) व्यवसायिक कृषक/कृषक समूह /सहकारी/फर्मको हकमा**

१. व्यवसाय दर्ता प्रमाणपत्र

३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।

४. स्थानीय तह वा सम्बन्धित निकायमा दर्ता भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

५. भ्याट/प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्र र दर्ता नविकरणको प्रतिलिपी ।

६. अन्य प्रमाणित प्रमाणपत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गाभाडामा भए सम्झौतापत्र, जग्गाधनिको नागरिकता र जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि ।

७. समूह/समिति/ सहकारीको हकमा समूह/समिति/सहकारीको निर्णय । (सहकारीको हकमा पछिल्लो लेखा परिक्षण प्रतिवेदन समेत) ।

८. वडाको सिफारिस र सम्बन्धित प्राविधिकको स्थलगत रिपोर्ट ।

**ख) विपन्न कृषक/ विपन्न परिवारको बाख्रापालन कार्यक्रमको हकमा**

१. व्यक्तिगत निवेदन

२. वडाको सिफारिस

३. नागरिकताको प्रतिलिपि वा लालपुर्जाको प्रतिलिपी

# अनुसुची ८

*(दफा ७ को उपदफा २ सँग सम्बन्धित)*

## प्रतिबद्धता पत्र को ढाँचा

मिति ……………

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,

जैमिनी नगरपालिका

कुश्मीसेरा, बाग्लुङ ।

विषय : कार्यक्रम कार्यान्वयनका लागि प्रतिवद्धता ।

लिखितम बाग्लुङ जिल्ला जैमिनी नगरपालिका कृषि/पशु शाखाबाट ………………….मितिमा प्रकाशित सूचना अनुसार बाग्लुङ जिल्ला जैमिनी नगरपालिका वडा नं …….बस्ने ……………………….. को नाति/नातिनी ……………………को छोरा/छोरी ……..वर्षको म ……………………………. ना.प.नं …………….जारी मिति……………….ले ………………………………………………………..कार्यक्रम संचालनका लागि आवेदन पेश गरेको छु । आवेदन छनौटमा परेको खण्डमा ………………………अवधि सम्म निरन्तर रुपमा कार्यक्रम संचालन गर्नका लागि प्रतिवद्धता गर्दछु ।

नामः

ठेगानाः

सम्पर्क नंः

हस्ताक्षर

छाप

आज्ञाले

चेतनाथ गिरी

प्रमुख प्रशासकीय अधिकृत